# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली सुदुरपश्चिम प्रदेश, नेपाल

(प्रथम पटक प्रकाशित मिति : २०८२।०९।०९ गते)

टीकापुर नगरपालिका, वडा नं.७ स्थित ओजुवा तालबाट आय संकलन गर्न ठेक्का सम्झौता भएको मिति देखि ३ (तीन) वर्षको लागि बढाबढ प्रक्रियाद्वारा ठेक्कामा लगाउनु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा संस्थाहरुले तपसिलमा उल्लेखित सर्तहरुको अधिनमा रही रितपूर्वक बोलपत्र प्रस्ताव पेश गर्नका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

तपसिल :

| सि.नं. | आन्तरिक आय ठेक्का नं. | ठेक्काको नाम | ३ वर्षको न्यूनतम ठेक्का अंक (मू.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | TMO/IR/29/2082/083 | ओजुवा ताल संरक्षण तथा माछापालन सम्बन्धी ठेक्का, टी.न.पा.-७, कैलाली | रु.१,५५,५००।- (अक्षरेपि एक लाख पचपन्न हजार पाँच सय मात्र) | रु.१,०००।- | कबोल अंक (मू.अ.कर सहित) को पाँच प्रतिशत |

**सर्तहरु :**

१. बोलपत्र प्रस्ताव पेश गर्न इच्छुक व्यक्ति, फर्म वा संस्थाले लिखित निवेदन सहित सूचना प्रकाशित भएको मितिले १५औं दिन (मिति २०८२।०९।२३ गते) कार्यालय समयसम्म यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखामा वोलपत्र फाराम दस्तुर वापतको रु.१,०००।- (पछि फिर्ता नहुने गरी) बुझाई बोलपत्र फाराम खरिद गरी १६औं दिन (मिति २०८२।०९।२४ गते) दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गर्नु पर्नेछ। उक्त बोलपत्र प्रस्तावहरु सोही दिन दिनको २:०० बजेदेखि बोलपत्रदाता र टीकापुर स्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन

२. बोलपत्र फाराम दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएको खण्डमा त्यसको लगत्तै कार्यालय खुल्ने दिन बोलपत्र दाखिला गर्न र खोल्न सकिनेछ।

३. बोलपत्र फाराम खरिद गर्दा व्यक्ति,फर्म/संस्थाको प्रोप्राइटर वा कार्य समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, फर्म/संस्थाको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०८१/८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, फर्मको हकमा नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित निकायका साथै वडा कार्यालयमा व्यवसाय दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, संस्थाको हकमा सम्बन्धित निकायमा संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। साथै टीकापुर नगरपालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर, दस्तुर बुझाएको हुनु पर्नेछ। बाँकीबक्यौता रहेको व्यक्ति, फर्म वा संस्थाले यस ठेक्का प्रक्रियामा भाग लिन पाउने छैन।

४. बोलपत्र फारामको शिलबन्दी खाम बाहिर यस कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित सूचना नं.र ठेक्काको नाम स्पष्ट रुपमा उल्लेख गरी बोलपत्रदाताको नाम र ठेगाना पनि उल्लेख गर्नु पर्नेछ।

५. वोलपत्रदाताले पेश गरेको दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ। म्याद नाघी आएको, रित नपुगेको, सर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

६. बोलपत्रदाताले बोलपत्र पेश गर्दा आफुले कबोल गरेको जम्मा कबोल रकम (मू.अ.कर सहित) को ५ (पाँच) प्रतिशतले हुन आउने रकम धरौटी वापत यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड, टीकापुर शाखामा रहेको धरौटी खाता नं. १०७०३०००००३००००००००१ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकले जारी गरेको ९० (नब्बे) दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न गर्नु पर्नेछ।

७. एउटा व्यक्ति,फर्म वा संस्थाको नामबाट खरिद गरिएको बोलपत्र अर्को व्यक्ति,फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन। म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन।

८. पेश भएको बोलपत्र प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्घ गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

९. यस ठेक्काको अवधि ठेक्का सम्झौता भएको मिति देखि ३ (तीन) वर्षको हुनेछ।

१०.बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई प्रथम किस्ता वापत जम्मा कबोल अंकको ५०(पचास) प्रतिशत रकम तथा सोको १३ प्रतिशत मू.अ.कर समेतको हुन आउने रकम अनिवार्य बुझाउनु पर्नेछ। जम्मा कबोल अंक (मू.अ.कर सहितको) बाट पहिलो किस्ता बापत जम्मा

प्रमुख प्रशासकीय अधिकृत

गरेको रकम घटाई बाँकी हुने रकम बराबरको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का अवधि भन्दा कम्तिमा तीन महिना बढी मान्य अवधि सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ। ठेक्का रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ :

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम |
|---|---|---|
| पहिलो | सम्झौता हुँदाका बखत | जम्मा कबोल अंकको ५०% रकम तथा सो को मू.अ.कर समेत |
| दोस्रो | वि.सं.२०८३ कार्तिक मसान्त भित्र | जम्मा कबोल अंकको २५% रकम तथा सो को मू.अ.कर समेत |
| तेस्रो | वि.सं.२०८४ कार्तिक मसान्त भित्र | जम्मा कबोल अंकको २५% रकम तथा सो को मू.अ.कर समेत |

**नोट :** यस ठेक्का बमोजिमको मू.अ.कर रकम ठेकेदार पक्ष आफैले आन्तरिक राजस्व कार्यालयको सम्बन्धित राजस्व खातामा दाखिला गर्ने भएमा नियमानुसार दाखिला गरी दाखिला भौचरको प्रमाणित प्रति सम्झौता पत्रमा तोकिएको अवधि भित्रमा यस कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

११. नेपाल सरकारलाई ठेक्का सम्बन्धी बुझाउनु पर्ने अग्रिम आयकर एवं अन्य सम्पूर्ण कर दस्तुर बुझाउने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ।

१२. ठेकेदार पक्षले यस कार्यालयलाई बुझाउनु पर्ने ठेक्का रकममा कुनै किसिमको छुट वा मिनाहा माग गर्न पाउने छैन।

१३. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोबस्त गरिनेछ।

१४. तोकिएको समयमा कार्यालयलाई ठेक्का रकम नबुझाएमा वार्षिक १० (दश) प्रतिशतका दरले हर्जाना सहित असूल उपर गरिनेछ।

१५. यस ठेक्का सम्बन्धी प्रचलित कानून बमोजिम नेपाल सरकारलाई बुझाउनु पर्ने अन्य कर, दस्तुर आदि ठेक्का प्राप्त गर्ने पक्षले नै बुझाउनु पर्नेछ।

१६. ठेक्का अवधि भरका लागि ठेकेदारको तर्फबाट खटिने कामदार वा कर्मचारीको संभावित दुर्घटनाबाट सुरक्षा प्रदान गर्न आवश्यक सुरक्षा उपाय वा साधनको व्यवस्था गर्ने र बीमा गर्ने जिम्मेवारी ठेक्का प्राप्त गर्ने व्यक्ति,फर्म वा संस्थाको हुनेछ।

१७. ठेकेदार पक्षले ओजुवा ताल क्षेत्र भित्र प्रचलित कानुनद्वारा निषेधित कार्य गरी माछा मार्ने वा ताल किनारामा रहेको बोट विरुवा नासमास गर्ने वा ताल क्षेत्रमा रहेका पन्छी/जीवलाई हानी नोक्सानी हुने वा अन्य कुनै निषेधित कार्य गर्न पाईने छैन। प्रचलित ऐन कानुनले निषेध गरेको कार्य गरेमा वा सम्झौता विपरित भए गरेमा त्यसको क्षतिपूर्ति वा कानुनी दायित्व ठेकेदारले व्यहोर्नु पर्नेछ।

१८. ठेकेदारले नेपाल सरकार वा प्रदेश सरकार मातहतका कार्यालय तथा टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले दिएको निर्देशनको अनिवार्य रुपमा पालना गर्नु पर्नेछ। साथै यस कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा यस टीकापुर नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ। यस सूचनामा उल्लेखित सर्त तथा प्रचलित कानून विपरितको कार्य भए गरेमा जुनसुकै समयमा पनि यस कार्यालयबाट ठेक्का रद्ध गर्न सकिनेछ।

१९. यसमा उल्लेख भएको विषय यसै बमोजिम र उल्लेख नभएको यस ठेक्का सम्बन्धी अन्य कुरा ठेक्का सम्झौता पत्र, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, टीकापुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ तथा प्रचलित कानुन वा टीकापुर नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

२०. यस सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयमा राजश्व शाखामा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिनेछ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत
पाना नं.:२